# कृषि विकासका लागि भूमिसुधार

जगत देउजा[1]

भूमिसुधार र कृषि विकास, नेपाली समाजको मुख्य सवाल बन्दै आइरहेको छ । त्यसमाथि राज्य पुनर्संरचनाको संघारमा यो सवाल अझै महत्वपूर्ण हुने नै भयो । किनकि राज्यको पुर्नसंरचना भनेको मूलतः देशको आर्थिक र राजनीतिक शक्तिको पुनर्संरचना हो । अझै पनि जमीनले व्यक्ति र उसको परिवारको प्रतिष्ठा र राजनीतिक शक्ति निर्धारण हुने गर्छ । त्यसकारण अहिलेको नेपालमा भूस्वामित्व, भूमिसम्बन्धी सुधार र कृषि विकासको पेचिलो मुद्दाहरू बनेर रहेका छन् ।

परम्परागत रूपमा भूमि सुधारको बहसलाई खालि भूमिको पुनर्वितरण बुझ्ने साँघुरो चिन्तन हाबी भयो । तर भूमिसुधारको प्रश्नलाई भूमिसुधारका अनेकन सवाल र कृषि विकाससँग जोडेर हेर्नुपर्छ । भूमि र कृषि विकास छुट्याउन नसकिने बिषय हुन् । यसरी भूमि र कृषिलाई सँगै नलिँदा नै नेपालका किसानहरू पेटभरि खान नपाउने अवस्थामा पुगेका छन् । देशको आर्थिक मेरुदण्ड कृषि क्षेत्र धराशयी बनेको छ । यस लेखमा भूमि र कृषि विकासका अन्तर्सम्बन्ध, मुख्य मुद्दाहरू र सरकारले बनाउँदै गरेको कृषि विकास रणनीतिमा भूमिसुधारको सवाललाई कसरी समेट्नै पर्दछ भन्ने विषयमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## भूस्वामित्व र कृषि विकास

सन् १९६० को दशकमा नेपाल दक्षिण एसियामै सबभन्दा उच्च कृषि उत्पादकत्व भएको देश थियो । तर सन् ९० को दशकको सुरुवाततिर नेपाल यो क्षेत्रको सबभन्दा कम उत्पादकत्व भएको देश बन्यो । यस्तो किन भयो भने नेपालको कृषिक्षेत्र नै सुस्त रह्यो, भूमिसम्बन्धलाई रूपान्तरण गर्ने प्रयास नै भएन । अरूको भने तीव्र दरमा वृद्धि भैरह्यो । उत्पादनमा वृद्धि वा स्थिरता मुख्यतः स्वामित्व एवं उत्पादन सम्बन्धमा निर्भर रहने कुरा हुन् भन्ने मुद्दालाई बेवास्ता गरियो ।

जमीन भनेको उत्पादनमूलक स्रोत हो । भूमिको स्वामित्व उत्पादनशीलता निर्धारण गर्ने महत्वपूर्ण तत्व हो । यसैले यो कृषि सुधारको पनि मुख्य चासोको विषय हो । भूमि सुधारसँगै कृषि सुधार आउँछ । यसअघि हुँदै आएका बहसमा जस्तो भूमि सुधारको मुद्दालाई केवल भूमिको पुनर्वितरण मात्र ठानिनु हुँदैन । तर यो महत्वपूर्ण चाहिँ हो । समानतामा आधारित भूमि अधिकारको वितरण पनि कृषि विकासकै पाटो हो । यसैले नेपालमा भूमिसुधार वा कृषि सुधारलाई यही परिप्रेक्ष्यमा हेर्नुपर्छ । भूमिसुधार र कृषिसम्बन्धी सुधार दुवैको उद्देश्य बढीभन्दा बढी उत्पादन गर्ने र उत्पादनशीलता बढाउने तथा कृषि उत्पादनमा मुख्य शक्तिका रूपमा काम गर्ने साना किसान तथा भूमिहीनका लागि अधिकारको न्यायिक वितरण गर्नु हो । आर्थिक रूपान्तरण तथा सामाजिक न्यायको उद्देश्य प्राप्तिका लागि यो एउटा राजनीतिक प्रक्रियासँग पनि अभिन्न ढंगले जोडिन्छ ।

कृषिको विकास र भूमिसुधारका क्षेत्रलाई सिङ्गो सामाजिक-आर्थिक आधार र क्षेत्रसँग गाँसेर हेर्नुपर्छ । कतिपय व्यक्ति र समूहले यसलाई अलग समस्याको रूपमा लिने र समाधान पनि त्यसै आधारमा खोज्ने तरिका अँगालेका छन् । जुन सर्वथा गलत छ । लामो समयदेखि विकसित हुँदै आएको कृषि क्षेत्रको विकासमा गैरकृषि क्षेत्रले कृषि क्षेत्रलाई कसरी उछिन्न सक्यो भन्ने प्रश्न पनि उठाइने गरिन्छ । त्यसका आफ्नै कारण छन् । कृषि क्षेत्रको मूल उत्पादनको साधन भूमिलाई स्थानान्तरण गर्न सकिँदैन । अनुकूल वा प्रतिकूल जस्तोसुकै स्थानमा भए पनि सोही ठाउँमा गएर उत्पादन र उत्पादन कार्यका पूर्वाधारहरूको विकास गर्नुपर्ने हुन्छ ।

अहिलेको कृषिको पेचिलो समस्या भनेकै खेतबारीमा काम गर्ने अधिक मानिस जसको जीविकोपार्जन यसैबाट हुन्छ उनीहरूसँग जग्गा नहुनु हो । र, जोसँग जग्गा छ तिनले खेतमा काम गर्दैनन् तर उनीहरूले नै उत्पादनको

[1] *लेखक सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा आबद्ध भई भूमि अधिकारको क्षेत्रमा कार्यरत हूनूहुन्छ ।*

धेरै हिस्सा लैजान्छन् । आजसम्म नेपालमा भूमि हुनेखाने र माथिल्लो वर्गका सीमित वर्गलाई अतिरिक्त आम्दानीको स्रोत बढाउने माध्यम बनेको छ । यसले गर्दा उत्पादनको साधन जमीन र उत्पादनको श्रम कृषकलाई अलग राखिदिएको छ। र, यसको प्रत्यक्ष असर उत्पादनमा परेको छ। उत्पादन र उत्पादकत्व घट्नुमा यसको भूमिका महत्वपूर्ण छ । यसकारण कृषिको विकास गर्ने हो भने किसानले जग्गा पाउने गरी भूमि पुनर्वितरण हुनुपर्दछ । यसो भयो भने मात्र भूमिसुधारले संस्थागत हिसाबले आर्थिक रूपान्तरणको जग बनाउनका लागि कृषिमा सुधार गर्न प्रमुख भूमिका निर्वाह गर्छ ।[i]

भूस्वामित्वले कसरी कृषि विकासमा असर गर्दछ भन्ने विषयलाई हेर्न भूमि नहुनेले के-कसरी खेतीपातीको काम गरिरहेका छन् भन्ने हेर्नुपर्दछ । दर्ता भएको स्वामित्व नै हाम्रोमा एकमात्र सुरक्षित भूस्वामित्व हो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सन् २००९ मा गरेको अध्ययनले के देखाउँछ भने भोगचलन भएको मध्ये ६६ प्रतिशत जग्गा मात्र भोगचलन भइरहेको छ । अर्थात् ३४ प्रतिशत जग्गा दर्ता गरिएको छैन । यस्तो असुरक्षित अवस्थामा जग्गा भएका किसानले कस्तो खेतीपाती गर्लान् ? दीर्घकालीन प्रकृतिको बालीमा यिनीहरूको रुचि हुँदैन । तसर्थ खेती भइरहेको जग्गाको पूर्ण स्वामित्व किसानलाई दिने सवालको हल नगरी कुलो र बीउ बढाएर वा सीप थपेर मात्र कृषि क्षेत्रको विकास हुनै सक्दैन । जुन विषय विगतमा प्रस्ट भइसकेको छ ।

**तालिका १: आफ्नै दर्ता भएको जमीन (कृषककै नाममा दर्ता भएको)**

| जमीनको आकार | मालिकको परिवार संख्या | प्रतिशत |
|---|---|---|
| भूमिहीन | ५७१२ | २२.७ |
| ०.०१-०.५ हे | १२५७७ | ४९.९ |
| ०.५१-३.० हे | ५९६९ | २३.७ |
| ३.०१-५.० हे | ४३८ | १.७ |
| ५ हेक्टरभन्दा बढी | ५०३ | २.० |
| जम्मा | २५१९९ | १००.० |

स्रोतः नेपालमा भूस्वामित्व र भूमिसुधार, २०६६ सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौँ

यसरी जोतभोग गर्दै आएको जग्गाको स्वामित्व भएका बाहेक खेतीपाती गर्ने २२.७ प्रतिशत परिवार भूमिहीन छन् । नेपाल मानव विकास सर्वेक्षण (एनएलएसएस २००३/०४) ले ७७.५ कृषि परिवारसँग जमीन भएको देखाउँछ तर ७० प्रतिशत किसानसँग १ हेक्टर भन्दा कम जमीन छ । आफ्नै जमीन नभएका कृषिमा आधारित परिवारले अधियाँ जस्ता अरूका जमीन कमाउने काम गर्छन् भने केहीले हरुवाचरुवा जस्ता अर्धबाध्यकारी काम गरेका छन् । सोही अध्ययनबाट ६.२ प्रतिशतले आफ्नो जमीन कुनै प्रकारले ठेक्का, अधियाँ, बटैयामा दिएको देखिन्छ । जुन संख्या सन् २००३/०४ को नेपाल जीवनस्तर सर्वेक्षणको नतिजासँग मिल्दोजुल्दो छ, त्यसमा ७ प्रतिशत परिवारले जग्गा भाडामा लगाएको बताएका थिए । यसरी जम्मा ६.२ प्रतिशतले जग्गा भाडामा कमाउन दिएको बताए पनि २०.६ प्रतिशत परिवारले आफूहरूले अरूको जग्गा भाडामा कमाएको बताएका छन् । यसले के देखाउँछ भने आफूले खेती नगर्ने तर भाडामा दिएको पनि बताउन नचाहने जग्गाधनीको व्यवस्थाले कसरी कृषि विकासमा मद्दत गर्दछ भन्ने अहम् प्रश्न उठेको छ ।

मोही भनेका खेतका त्यस्ता कामदार हुन् जो सरकारी निकायमा दर्ता भएका छन् र उनीहरूको अधिकारको पहिचान भएको छ । वि.सं. २०२१ को भूमि ऐनको चौथो संशोधन २०५३ र पाँचौं संशोधन २०५८ ले भूमिको द्वैध स्वामित्व अन्त्य गरेको भनिन्छ । तर, व्यवहारमा यो अझै बाँकी छ । अहिले पनि ठूलो संख्याका मोहीहरू मोहीयानी हकको लडाइँमा छन् । उनीहरूले मनले खेतीपातीमा लाग्नुको साटो मुद्दा लड्ने खर्च जुटाउनमा लाग्नुपरेको छ । वेदर्तावाल मोहीहरू त झन वर्षेनि वेदखलीमा पर्ने हुँदा पूरै श्रम, मन लगाएर खेती गर्न चाहँदैनन् । त्यस्तै दीर्घकालको लगानी न जग्गाधनीले गर्छ न मोहीले । उदाहरणका लागि सामान्य वोरिङसमेत कसले गाड्ने भन्ने प्रश्न आउँछ। अब सोचौं त यो मोहीको सवाललाई हल नगरी कसरी हामी कृषि विकास गर्न सक्छौं ?

उत्पादन हुने अन्न भाग लगाउने गरी खेती गर्नु नेपालमा सामान्य प्रचलन हो । एउटाको जमीनमा अर्काले काम गर्ने र त्यसको आयस्ता बाँड्ने चलन रहँदै आएको छ, जसलाई पहाडमा अधियाँ र तराईमा बटैया भनिन्छ ।

सामान्यतया: कुल उत्पादन जग्गाधनी र काम गर्नेका बीच दुई भागमा बाँडिन्छ । तर, यसका अरू किसिमका व्यवस्था पनि हुनसक्छ, जस्तैः मल-बीउ बाँड्ने । वा कहिलेकाहीँ अरू कुनै कारणले सित्तैमा काम लगाउने पनि हुनसक्छ । अर्काको खेतमा काम गरेर उत्पादन बाँड्ने यस्तो परम्परा देशका सबैजसो भागमा सामान्य रहँदै आएको छ । यसले आफ्नो जग्गामा जग्गाधनीको अनुपस्थितितिर पनि संकेत गर्छ । तर, कामदारले मोहियानी हक नपाउन भन्नका लागि धनीले फरक-फरक वर्ष फरक-फरक परिवारलाई कमाउन दिने गरेका पनि देखिन्छ । यस्तो अस्थिर खेतीपातीको व्यवस्थाले पनि कृषि विकासलाई रोकेको तथ्यलाई हामीले कदापि भुल्नु हुँदैन ।

भू-उपयोगको अर्को प्रवृत्तिका रूपमा हामी ठेक्का र हुन्डालाई लिन सक्छौँ । यसमा जग्गा धनीको निश्चित समयका लागि आफ्नो जग्गा कसैलाई कमाउन दिन्छन् । र, यसबापत निश्चित उत्पादन वा रकम प्राप्त गर्छन् । पहाड र तराई दुवैतिर यो चलन रहँदै आएको छ । यसले जग्गाधनीको आफ्नो जग्गामा अनुपस्थिति दर्शाउँछ, जसले न त आफैं काम गर्छन् न आफ्नो जग्गा वा उत्पादन गतिविधिको नियमित निरीक्षण गर्छन् । जग्गाधनीको हिसाबले यो सम्झौता सबभन्दा सुरक्षित देखिन्छ । किनभने उनीहरूले तोकिएको मात्रामा फसल पाउँछन् बाँकी सबै कुरा खेतीपातीदेखि खेतसम्मको ख्याल काम गर्नेले गर्छन् ।

**तालिका २ : जमीन भाडामा लिने परिवार र जमीनको आकार**

| जमीनको आकार | भाडामा लिने परिवार संख्या | परिवार प्रतिशतमा |
|---|---|---|
| ०.०१-०.५ हे | ७७५ | ४९.३ |
| ०.५०१-३.० हे | ६३२ | ४०.२ |
| ३.०१-५.० हे | ५४ | ३.४ |
| ५ हेक्टरभन्दा बढी | ११० | ७.० |
| जम्मा जमीन भाडामा लिने परिवार संख्या | १५७१* | १००.० |

* १५७१ भनेको जम्मा जवाफ दिएका परिवारको ६.२ प्रतिशत हो ।

स्रोतः नेपालमा भूस्वामित्व र भूमिसुधार, २०६६ सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाडौं

र, यो सम्झौताअनुसार काम गर्नेले मोहियानी हकको पनि दाबी गर्न पाउँदैनन् । यस्तो परिस्थितिले पनि वास्तविक किसानहरू खेतीपातीमा उत्साहित छैनन् ।

हलिया/हरूवा यस्तो व्यवस्था हो जहाँ खेत जोत्न वा काम गर्नका लागि सित्तैमा (वा ज्यादै न्यून ज्यालामा) मानिसलाई खटाइन्छ । ऋण चुक्ता गर्नका लागि वा कुनै सम्झौताअनुसार यसरी काम लगाउने गरिएको पाइन्छ । कमैया प्रथासँगै हलिया/हरुवा प्रथा पनि उन्मूलन भएको भनिए पनि व्यवहारमा यो अझै कायम छ । यसरी अरूका लागि उत्पादन गरिदिनुपर्ने र जिन्दगीभर बँधुवा बन्नुपर्ने अवस्थाले पक्कै पनि कृषि विकासमा मद्दत पुगेको छैन । अर्काको भकारी भर्न आफूचाहिँ भोकै बसेर श्रम शक्ति जुटाउने अवस्थाको अन्त्य हुनै पर्दछ ।

त्यस्तै गुठीलाई नेपालमा विद्यमान भएको सबभन्दा जटिल भूस्वामित्व प्रणाली मानिन्छ । खासमा यो कुनै धार्मिक वा परोपकारी उद्देश्यले सरकार वा कसैले दान गरेर राखिएको जग्गा भनिए पनि यसभित्रका जटिलताहरू अनेकन छन् । तर यो मोही वा कामदारमाथि पुजारी र महन्तले शासन गर्ने जमीनदारीकै अर्को रूप बनको छ । आफूले वर्षौंदेखि खनजोत गर्दै आए पनि जमीनको कानुनी अधिकार नहुँदा यहाँ पनि मोही नै पीडित हुने गरेका छन् ।

## किसानका केही प्रश्न

*खेती त गर्छौं नि, पहिला आयस्ता पाउन गाह्रो । जसरी तसरी उब्जायो, आधा अन्न जग्गाधनी बनेका साहू जमीनदारलाई नै कुत, अधियाँबापत बुझाउनुपर्ने । बाँकीले खेती गर्दाको खर्च पनि धान्दैन । अर्काको खेतबारी-केको जाँगर चल्नु र ?*

*काम गर्नै गाह्रो भो । घण्टौं हिँडेर खेतमा पुग्नुपर्छ, एक हल पनि पूरा लाग्दैन । एक चकालो पूर्व अर्को पश्चिम, चार पाँच कित्ता जग्गा छ, बाँझो छाडौं भूमिले सराप्छ, बाँदर दुम्सी, चरालाई ठिक्क । मल घाँस बोक्दा समय खत्तम हुन्छ । चौबीसै घण्टा हैरानी हुने इलम अबका पुस्ताले लेलान् त ?*

*हाम्रो जग्गा त गुठी हो । धितो, बन्धक र धरौटीमा चल्दैन । आधा मनले सधैँ धुकचुक गरेर के खेती गर्नु ? जसोतसो बाँझो नराख्ने हो । आफ्नो अधीन नभएको ठाउँमा कसरी लगानी गरेर अरू ठूला व्यवसाय अपनाउन सकिन्छ र ?*

*सधैं कुटो, कोदालो र हँसिया बोकेर रातदिन जग्गामा हामी महिलाले काम गर्नुपर्ने, रोप्ने, गोड्ने, खन्ने, मल बोक्ने, घाँस काट्ने पनि हामी । घरमा केही कुरामा चित्त बुझेन भने तिमीहरूको के छ भनेर धम्क्याउँछन् । पटकपटक धम्की खानुपर्ने भएपछि कुन उत्साहले काम गर्नु र खेती सप्रनु ? अरूलाई जग्गा बेचेकोसमेत आफूलाई थाहा हुँदैन । बर्बाद भइसकेपछि थाहा पाएर के गर्नु ?*

*यो धरतीको रङरोगन गर्ने, अरू पेसाका मानिसलाई खुवाउने र जीवनको मेरुदण्ड मानिने मुलुकको कृषि अर्थतन्त्रमा दिगो टेवा दिने महत्वपूर्ण समुदाय भूमिहीन बनाएर राखिएपछि कसरी सप्रेला कृषिक्षेत्र ?*

माथिका तथ्य र किसानका प्रश्नहरूले के प्रस्ट गर्दछ भने केही मुट्ठीभर परिवारको कब्जामा ठूलो मात्रामा खेतीयोग्य जमीन छ जसले खेतमा काम गर्दैनन् । अर्कोतर्फ पुस्तौं पुस्तादेखि खेतमा काम गरेर जीवन चलाउनेहरू भने भूमिहीन वा अति न्यून जग्गामा खेती गरेर बसेका छन् । स्वामित्वको यो विरोधाभासले किसान र श्रमिकको शोषण हुने परिस्थिति बनेको छ । यसैकारण असमान भूमि सम्बन्धको अन्त्य तथा खनजोत गर्नेलाई अर्थात् जोताहालाई जमीन दिने कुरा भूमिसुधारका बहसको केन्द्रमा रहँदै आएको छ । पछिल्ला ६ दशकमा कृषक, साना किसान तथा मोहीहरूले आफूले काम गरिरहेको जमीनको स्वामित्वका लागि लडाइँ गरिरहनुपर्‍यो । आफूले काम गरिरहेको जमीनको उत्पादनले वा भनौं त्यसको उपयोगले आफ्नो परिवार पाल्न र जीवनलाई राम्रो बनाउन मद्दत गर्नुपर्छ भन्ने विचार यो संघर्षका पछाडि थियो । आजको दिनमा भूस्वामित्वलाई केन्द्रमा राखेर भूस्वामित्वको लोकतन्त्रीकरणसँगै ग्रामीण क्षेत्रमा उत्पादन बढाएर मानिसहरूको जीवनस्तर उकास्न मद्दत गर्ने गरी नयाँ ढंगको भूमि तथा कृषि सुधारको ढाँचा अंगिकार गर्नु ढिला भइसकेको छ ।

वैदेशिक रोजगारीका कारण महिलाहरूलाई कृषि क्षेत्रमा ठूलो बोझ आइपरेको छ । तर करिव ८० प्रतिशत किसान महिलासँग जग्गाको कुनै स्वामित्व छैन । केवल खेतालाको रूपमा काम गर्ने महिलाहरूमा उत्साह थप्न भूस्वामित्व महिलालाई दिनै पर्दछ । तर यसतर्फ विचार नगरी कृषि विकास रणनीतिले महिलालाई कृषिको काममा खेताला बनाएर दलाउन खोजेको छ । जुन विषय सफल हुनेछैन ।

कृषि उत्पादनमा गतिलो वृद्धि नभएकाले गरिबी कायम रहेको वा बढेको जस्तो देखिए पनि यो मुद्दा अन्ततः जमीनको स्वामित्वसँगै जोडिन्छ । यसको अर्थ गरिबी घटाउने कुरा जमीनको समतामूलक वितरणसँग सम्बन्धित छ भन्ने हो । यसैले गरिबी घटाउने कुरा सोझै बहुसंख्यक भूमिहीन किसानलाई जमीनको अधिकार दिलाउने कुरासँगै आउँछ, जो वर्षभरि श्रम गरेर पनि गरिबीको रेखामुनि बाँचिरहेका छन् । यसमा जमीनमा महिलाको अधिकार र पहुँचको कुरा पनि आउँछ ।

## भूउपयोग र कृषि विकास

खेतीयोग्य जमीनको गैरकृषिकरण यतिखेर भूमिको पुनर्वितरण जत्तिकै पेचिलो बनेको छ । मलिला उपत्यका र नदी किनारजस्ता ठाउँमा सहर विस्तार भइरहेका छन् । अधिक उद्योग-धन्दाहरू खेतीयोग्य र बजार सलुभ भएका क्षेत्रमा निर्माण भएका छन् । बढ्दो सहरी क्षेत्रको बसाइँसराइले सहरी स्थान, खासगरी मलिलो जमीनलाई दुईवटा असर पार्ने देखिन्छ । पहिलो यसले गर्दा मलिलो जमीनमा घर धेरै बन्ने भएकाले यसको अतिक्रमण हुनेछ । र, दोस्रो सहरमा अवसर बढी हुने हुनाले मानिसहरूको खोजी पनि त्यसै किसिमको हुन जान्छ । सहरमा आउने सबैले आफ्नो घर वा जमीन बनाउन सक्दैनन् । यसैले उनीहरू सुकुम्बासी रूपमा सार्वजनिक जग्गा र नदी किनारमा बस्न थाल्छन् । यसले सहर, खेतीयोग्य जमीन र सार्वजनिक जग्गा सबैलाई नराम्रो प्रभाव पार्छ । भूमिसुधारले गाउँमा खेती गरेर पनि सुखी जीवन बिताउन सक्ने अवस्थाका लागि भूमिसुधार र दिगो खेतीपाती जोड्नैपर्छ ।

पछिल्ला वर्षहरूमा जमीनको खण्डीकरण तीव्र भएको पनि देखिन्छ । जनसंख्या वृद्धि (परिवार संख्याको आधारमा दोब्बर), तीव्र सहरीकरणजस्ता कुराले पनि जमीन टुक्राउने काम बढाइरहेका छन् । यसलाई रोक्न खासै प्रयास भएको देखिँदैन । यस्तै, जमीनमा अनुपस्थित जमीनदारका जमीन, बाँझो जमीनको उपयोग केकसरी गर्ने विषयमा पनि नयाँ नीति र कार्यक्रमको खाँचो छ ।

राष्ट्रिय कृषिगणना, २०५८ अनुसार सम्पूर्ण कित्ताले ओगटेको क्षेत्रफल २६,५३,९०० हेक्टर रहेको देखिन्छ । यसमध्ये करीव ९४ प्रतिशत (२४,९७,७०० हेक्टर) कृषि क्षेत्रमा र बाँकी करिब ६ प्रतिशत (१,५६,३०० हेक्टर) गैरकृषि क्षेत्रमा भूमिको उपयोग भएको देखिन्छ । कृषि

क्षेत्रमा उपयोग भएको भूमिमध्ये करिब ९४.४ प्रतिशत खेतीपातीमा, ४.७ प्रतिशत स्थायी बालीबिरुवामा, ०.८ प्रतिशत चरनमा र ०.१४ प्रतिशत पोखरी ताल-तलैयाहरूमा रहेको देखिन्छ। गैरकृषि क्षेत्रमा उपयोग भएको भूमिमध्ये करिब २३.८ प्रतिशत वन-जंगल र ७६.२ प्रतिशत जग्गा 'अन्य' उपयोगमा रहेको देखिन्छ। कृषियोग्य भूमि २०१८ देखि २०५८ सम्मको अवधिमा बढेको देखिन्छ।[ii] यसरी कृषिभूमि वर्षेनि बढ्दै गएको देखिए तापनि कृषिभूमिको क्षेत्रफलमध्ये कति प्रतिशतमा खेती भइरहेको छ भन्ने कुराले मात्र खाद्यसुरक्षामा यसले कति योगदान गर्छ भन्ने कुराको निर्धारण गर्दछ।

## कृषि विकासका लागि के गर्ने ?

भूमिहीनलाई भूमिअधिकार दिन, पहिचानमा नआएका मोहीको हक सुरक्षित गर्न, खेतीयोग्य जमीनको संरक्षण गर्न, जमीनको उत्पादन र उत्पादनशीलता बढाउन तथा भूमि प्रशासन तथा भूमिसुधार कार्यालयहरूको पुनर्संरचना गर्न सकेमा मात्र कृषि क्षेत्रको विकास हुन सक्दछ।

भूस्वामित्व तथा भूउपयोगको अवस्थाबारे एउटा केन्द्रीकृत तथ्यांक प्रणालीको निर्माण हुन आवश्यक छ। जमीनको स्वामित्व व्यक्तिमा होइन, परिवारमा हुनुपर्छ। भूमिलाई पुर्ख्यौली सम्पतिका रूपमा बेचबिखन गर्न निरुत्साहित गर्नुपर्दछ। परिवारका सबै सदस्यमा खेतीयोग्य जमीन बाँड्ने काम बन्द गरी कुनै एक सदस्य, छोरा वा छोरीलाई मात्र यसको वारिस बनाउने नीति आवश्यक छ। यसले खेतीयोग्य जमीनको खण्डीकरण रोक्न मद्दत गर्नेछ।

कृषि मुख्य चुनौती भनेको जमीनमा व्यापक व्यापारिक दबाब हुनु पनि हो। यसले गर्दा कृषि उत्पादनमा नराम्रो प्रभाव पार्नुका साथै जमीन आश्रितको जीविकामा समेत प्रभाव पारेको छ। कृषियोग्य जग्गा गैरकृषि उपयोगमा गइरहेको छ। भूखण्डीकरणको निरीक्षण हुनुपर्छ र यसलाई निरुत्साहित गरिनुपर्छ। भूउपयोग नीतिको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ। सार्वजनिक जग्गालाई पनि यसको दायरामा ल्याउनुपर्छ। कुनै पनि कारणले जमीन बाँझो राख्ने काममा प्रतिबन्ध लगाउनुपर्छ।

जमीनमा महिलाको अधिकार आजसम्म धेरै ध्यान नदिइएको विषयका रूपमा छ। तर घरजग्गामा महिलाको स्वामित्व बढ्दै जानु भने सकरात्मक मान्नुपर्दछ। २०५८ को जनगणनामा ९.११ प्रतिशत महिलाको स्वामित्वमा घरजग्गा थियो भने २०६८ को जनगणनामा १९.७१ पुगेको छ। भूमिमा महिला किसानको स्वामित्व र कृषिउत्पादनमा पर्न जाने असरको गहिरो विश्लेषण हुन आवश्यक छ।

भूमिसुधार तथा व्यवस्थापनका लागि समुदायलाई प्राथमिकता दिएर अघि बढ्नु उचित हुन्छ। स्रोतको परिचालन, खासगरी जमीनको उपयोगमा परम्परागत अधिकारको पहिचान गरिनु आवश्यक छ। आफ्नो समुदायमा/गाविसमा कुल क्षेत्रफल कति छ ? वन क्षेत्र कति छ ? कुल खेतीयोग्य जमीन कति छ ? सिञ्चित जग्गा कति छ ? मोही कति छन् ? भूमिहीन कति छन् ? जग्गाधनी कति छन् ? हदभन्दा बढी जग्गा हुने कति छन् ? कृषि पेसामा आश्रित कति छन् ? एक परिवारलाई कतिका दरले जमीन उपलब्ध गराउन सकिन्छ ? उक्त स्थानमा सरदर एक परिवारलाई खानका लागि कति जमीन चाहिन्छ ? बाँझो जग्गा कति छ ? गैरहाजिरी जग्गा कति छ ? ज्यालाको दर के छ ? भूमि तथा कृषिसम्बन्धी कस्ता अन्याय भइरहेका छन् ? जस्ता प्रश्नको उत्तर समुदायमा नै हुन्छ। यसको खरो विश्लेषण गर्न सक्ने विज्ञ भनेका स्थानीय समुदाय नै हो। प्रश्न त्यति मात्र हैन, प्रत्येक समुदायमा के-के खेती हुने गरेका छन् ? कुन क्षेत्रमा कस्तो बाली राम्रो हुन्छ ? खाद्यान्न आयात र निर्यातको अवस्था के/कस्तो छ ? आफ्नो समुदाय वा क्षेत्र कुन बालीमा आत्मनिर्भर छ ? कुनमा परनिर्भर छ ? अबको लक्ष्य के हो भन्ने विषयमा राष्ट्रिय तथ्याङ्कले मात्र पुग्नेछैन। यसका लागि पनि समुदाय तहबाटै छलफल र विश्लेषण आवश्यक छ। र, यस विश्लेषणका आधारमा प्रत्येक स्थानीय निकायले भूमिसुधार तथा कृषि सुधारको योजना बनाई किसानकै सहभागितामा अनुमोदन गरी कार्यान्वयनमा ल्याउन सक्नुपर्छ।

सामुदायिक भूमि तथा कृषिसुधार वास्तवमै किसान आफैंले भूमि तथा कृषिसम्बन्धी छलफल गरेर निर्णय गर्ने र त्यसलाई लागू गर्ने अभ्यास हो। यस अवस्थामा स्थानीय समुदाय आफैं भूमि तथा कृषि सम्बन्ध र समस्याको विश्लेषण अनि त्यसको विकल्पमा सहमति गर्छन् र समाधानका लागि व्यावहारिक योजना बनाई कार्यान्वयन गर्छन्। कुन जग्गामा खेती गर्ने ? कहाँ फलफूल

लगाउने ? बाँझो र खेर गइरहेको जमीनलाई कसरी उपयोगमा ल्याउने ? सार्वजनिक जग्गाको संरक्षण कसरी गर्ने ? विभिन्न कित्तामा रहेका जग्गालाई कसरी चक्लाबन्दीमा ल्याउने ? भूमिअधिकारका विषयलाई कसरी सल्टाउने ? यी सबै विषयको छिनोफानो किसान स्वयम्को अगुवाइमा गरिने अभ्यास नै सामुदायिक भूमि तथा कृषिसुधार हो । जुन प्रक्रियामा भूमिहीन, साना किसान र मजदुरसमेतको सहभागिता सुनिश्चित गरिन्छ । यो किन पनि जरुरी छ भने भूमि तथा कृषि सुधारका असली कर्ताहरू स्वयम् भूमिअधिकारबाट वञ्चित र किसान नै हुन् ।

पहिचानमा आउन नसकेका मोहीको पहिचान गरी उनीहरूलाई अधिकार दिनु आवश्यक छ । यसका साथै परम्परागत रूपमा भूमिमा अधिकार पाएका वा रीतिथितिजन्य अधिकार उपयोग गरिरहेकाहरूलाई पनि स्वामित्व दिई प्रभावशाली भूमिसुधारको छातामा ल्याउनु आवश्यक छ । भूउपयोग तथा स्वामित्वको नीति बनाउँदा अधिकारलाई प्राथमिकता दिने नीति लिनु आवश्यक छ ।

जीविका धान्नका लागि कृषिकार्यमा दैनिक ज्याला लिई खेतालाका रूपमा श्रम गर्ने कामदार वा निश्चित सर्तमा आवधिक कामदारका रूपमा (हलिया, हली, हरुवा, चरुवा, गोठाला, कम्लहरी) वा निश्चित सर्तमा वार्षिक कामदारका रूपमा कृषि पेसामा पूर्णरूपमा वा अर्धरूपमा आश्रित कामदार कृषि श्रमिक हुन् । यस्ता कृषि श्रमिकहरू प्रायः घरबासविहीन तथा तथा जीवन निर्वाहका लागि खेती गर्न समेत जग्गाविहीन छन् । कृषि श्रमिकहरू पनि प्रायः चरम श्रम र उत्पादन शोषणको अवस्थामा रहेका देखिन्छन् । तिनीहरूको ज्याला पनि निश्चित भएको पाइँदैन । पुरुषले भन्दा महिलाले कम ज्याला पाउने गर्छन् । लामो अवधिका कृषिश्रमिकहरू प्रायः बधुँवारूपमा संलग्न रहेका समेत पाइएका छन् । यसरी भूमिको अधिनत्व हुने खेती नगर्ने र अधिनत्व नभएका जिन्दगीभर खेतीपातीमा घोटिने परिस्थितिले कृषिक्षेत्रको विकास हुन सकेको छैन । यो विषयलाई पनि कृषि विकास रणनीतिले समेट्नुपर्दछ ।

स्पष्ट र उद्देश्यमुखी भूउपयोग योजनाको अभावमा जग्गाबाट पाउनुपर्ने उत्पादन मात्र नपाइने हैन कि भूमि र उत्पादन क्षमतासमेत ह्रास हुने हुन्छ । भूमिमा जसलाई जे गर्न मन लाग्छ, त्यसो गर्न कुनै रोकावट छैन । खेती गर्न उपयुक्त ठाउँमा घर वा उद्योग बनाइएका छन् । घर बनाउन उपयुक्त ठाउँमा खेती गरिएका छन् । बालीनालीमा जोड दिनुपर्ने तराईमा फलफूल र फलफूल खेतीमा जोड दिनुपर्ने पहाडमा बालीनालीमा जोड दिइएको छ । ठूलो मात्रामा रहेको बाँझो सडक किनारा, ऐलानी, पर्ति, नदी उकास आदि जग्गा कसरी उपयोग गर्ने भन्नेबारे कुनै नीति र योजना भेटिँदैन । कुल कृषियोग्य जमीनको २० प्रतिशत अर्थात् ५ भागको एक भाग जमीन अहिले पनि बाँझो छ । यो जग्गाको उपयोगमा कुनै व्यवस्थित सोच र योजना अभाव छ ।

सीमित व्यक्तिमा रहेको जग्गा वितरणको साथमा गर्न सकिने अरू तमाम काम छन् । कुल खेतीयोग्य जग्गाको २० देखि २३ प्रतिशत जग्गा त्यत्तिकै बाँझो रहेको तथ्याङ्कलाई हेर्दा यस्ता जग्गा वास्तविक भूमिहीन किसान एवं गरिब किटानी गरी सामूहिक व्यवस्थापनका लागि दिन सके त्यत्तिकै खेर गइरहेको जमीनमा अर्बौं आम्दानी हुनेछ । यसले गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसका लागि अहिले विद्यमान कानुन तथा नीतिहरू गोलमोटल छन् । सार्वजनिक तथा सरकारी जग्गाको प्रयोगसम्बन्धी छुट्टै नीति तयार पारी स्थानीय निकायलाई यस्तो कामको जिम्मा दिएमा यो काम असम्भव छैन ।

## दिगो खेतीपातीका लागि भूअधिनत्व

दिगो खेतीपातीको विषयमा अधिनत्वले महत्वपूर्ण प्रभाव पर्दछ । कमाइरहेको जग्गामा कहिलेसम्म जोतभोग गर्न पाउने हो भन्ने निश्चितता नभएकाले उसले दिगो हिसाबले लगानी गर्न चाहँदैन । कागजी जग्गाधनीलाई उत्पादनको हिस्सा बुझाउनुपर्ने भएकाले आफूले इच्छा गरेअनुरूप व्यावसायिक बालीमा पूर्णतः रोक लगाउँछ । पुँजी एउटाको र श्रम अर्कोको हुने अवस्थाले समग्र उत्पादन प्रणालीमा नै गम्भीर असर पर्दछ ।

कृषिमा आधारित नेपाली समाजमा कृषि क्षेत्रको विकास अवश्य चाहिन्छ । यो विषयलाई उपेक्षा गर्न हुन्न । तर भूमिको वर्तमान अन्यायपूर्ण अवस्थालाई जस्ताको तस्तै राखी गरिने कृषिसुधारले कृषिको मूल समस्यालाई दीर्घकालीन हिसाबले समाधान गर्न सम्भव नै छैन । कृषिका लागि लगानीले भूमिअधिकारबाट वञ्चित र साना किसानलाई फाइदा पुगेको छैन । एकोहोरो

कृषिसुधारको कामले धनी र गरिब बीचको खाडललाई अझै गहिराउँछ । अन्याय र उत्पीडनलाई बढाउँछ ।

जग्गाको समान वितरण सम्भव छैन र आवश्यक पनि पर्दैन । जग्गाको समान वितरणलाई न्यायोचित भनेर बुझ्ने हो भने जसले खेती गर्छ उसले मात्र खेतीयोग्य जग्गा राख्न पाउने पद्धति बसाल्ने हो भने भूमि, कृषि र गरिबी निवारणका अनेकन् समस्या सल्टन्छ । भूमिको उपलब्धता माया र निगाहाको विषय हैन । खेती नगर्ने र नचाहने व्यक्ति र परिवारलाई सुकुम्बासी नै हो भने पनि जग्गा उपलब्ध गराउनु आवश्यक छैन । अहिलेको टुक्रा घडेरी र हैसियत बिग्रेको जमीन हैसियत बिग्रिएकालाई दिने प्रक्रियाले समस्यालाई अझै बल्झाउने काम गरिरहेको छ । सही ढंगबाट समाधान गर्ने प्रयत्न भएको छैन ।

भूमिसुधार र कृषिसुधारका काम छुट्टाछुट्टै निकाय भएकाले जोडिन सकेको छैन । यी दुई निकायहरूबीच फिटिक्कै समन्वय नभइरहेको अवस्था छ । खेतीयोग्य जग्गाको पूर्ण उपयोग, बाँझो रहन दिदैन । यसले अहिलेको उत्पादनमा अतुलनीय प्रभाव पार्छ । जसले उत्पादन गर्ने हो, उसैको जग्गा हुने भएकाले कसैको घरमा घुन लागेर बस्ने र कोहीले खान नपाउने स्थितिको अन्त्य हुन्छ । अहिलेको अवस्था समस्या उत्पादनमा मात्र हैन, समुचित वितरणमा पनि हो । आफ्नै जग्गा कृषिकर्ममा लाग्नेको हातमा भएपछि स्वाभाविक रूपमा लगानी र उत्प्रेरणा बढ्छ । उत्पादन गरेको खाद्यान्नलाई उत्पादन गर्ने किसानले आफैं उपभोग गर्न पाउँछ । बसीखाने मान्छेलाई बुझाउनु पर्दैन । अहिले आधा उत्पादन उब्जाउनेले खान पाएको छैन । अहिलेको खेतीपाती प्रक्रियामा आमूल तर दिगो रूपान्तरण आवश्यक छ । व्यावसायिकताको विषय पनि यही स्वामित्वको प्रश्नसँग गाँसिएको छ ।

भूमिलाई आर्थिक सम्पत्तिको रूपमा लिई यसबाट लाभ लिनेका लागि यसको मूल्य बढ्ने हुनाले खेती नगर्ने तर भूमि राखिरहने प्रवृत्ति एकातिर छ भने अर्कोतर्फ अनुपस्थित जग्गाधनी र मोहियानी तथा ठेकेदारी खेती प्रणाली प्रचलनमा छ । श्रम गर्ने किसानहरूको आर्थिक विपन्नताका कारण उनीहरूसँग भूमिमा पर्याप्त लगानी गर्न समुचित पूँजी र प्रविधिको उपयोग गर्ने सक्ने अवस्था छैन । कमाइरहेको जग्गा उनीहरूको आफ्नो स्वामित्वमा नभएकाले अर्काको जग्गामा लगानी गर्ने व्यावहारिक अवस्था पनि छैन । त्यसै गरी धेरैजसो ठूला जग्गाधनीहरूको पहिलो पेसा खेती नभई उनीहरू अन्य पेसा व्यवसायमा संलग्न भएकाले जग्गामा उचित लगानी गर्ने वातावरण बनिरहेको छैन । यसले भूमिबाट प्राप्त हुनसक्ने अधिकतम उत्पादन र उत्पादकत्वको लाभ लिन सक्ने स्थिति देखिँदैन ।

जग्गाधनीकै निर्देशनअनुसार श्रम गर्ने किसानहरूले बाली लगाउने तथा खेतीपाती गर्नुपर्ने भएकाले श्रम गर्ने किसानहरूको कुनै निर्णय गर्ने हैसियत हुँदैन । जब श्रम गर्ने किसानहरूहरूको स्वामित्व आफ्नो खेती गर्ने हक सुरक्षित हुन्छ तब मात्र आफ्नो हिस्साको जग्गामा आफ्नो खाद्य आवश्यकता, परम्परा, संस्कृतिबमोजिम खेतीपाती गरी खाद्यान्न उत्पादन गर्न सक्दछन् । वैज्ञानिक भूमिसुधारको माध्यमबाट भूस्वामित्व दिलाई श्रम गर्ने किसानको पारिवारिक खाद्यसुरक्षा, खाद्यान्न उत्पादन र पोषणमा समेत सकारात्मक प्रभाव पार्न सहयोग पुऱ्याउनेछ ।

कृषि उत्पादन वृद्धिले विभिन्न आर्थिक क्रियाकलापहरू वृद्धि गर्न सहयोग पुऱ्याउने, खाद्य वा जडीबुटी प्रशोधन र साना कृषि उद्योगको विकास गर्ने तथा सेवाप्रदायक व्यवसायीहरूलाई प्राप्त हुने अवसरहरूले उद्यमशीलता र व्यावसायिकतामा अभिवृद्धि गर्ने र यसबाट आर्थिक सामाजिक रूपबाट पछाडि परेका गरिब तथा सीमान्तीकृत परिवारलाई रोजगारीको अवसर सृजना गर्नसमेत वैज्ञानिक भूमिसुधारले सहयोग पुऱ्याउनेछ ।

नेपालको परिप्रेक्ष्यमा प्रत्येक किसान परिवारको न्यूनतम जग्गामाथि स्वामित्व प्राप्त हुनु आवश्यक ठानिएको छ । यो स्वामित्वले एउटा सामाजिक सुरक्षाको आवश्यकता पूरा गर्न सहयोग पुग्ने र उनीहरूको गरिबी घटाउन सहयोग पुग्दछ । यस्तो व्यवस्थाले उनीहरूलाई थप आम्दानीका अवसरहरू प्रदान गर्न समेत सहयोग पुऱ्याउँदछ । भूमिहीन तथा साना कृषकहरूलाई पनि 'कम जमीनद्वारा' पनि बाख्रापालन, बंगुरपालन, गाई-भैंसी पालनजस्ता कृषिव्यवसायमा रूपान्तरण गरी आयआर्जन गर्ने अवसरहरू प्रदान गरी खाद्यसुरक्षा, बासस्थानको सुरक्षा तथा अन्य सेवाहरू जस्तैः शिक्षा, स्वास्थ्यको लाभ लिन सक्षम बनाउन सक्दछ ।

भूमिसुधारको विषयमा व्यापक छलफल चलाउनु, बहस गर्नु, विकल्पहरू अगाडि ल्याउनु र ठोस नीतिगत व्यवस्था र त्यसको व्यवहारमा अभ्यास गर्ने यो समय इतिहासमै सबभन्दा महत्वपूर्ण समय हो । भूमिसुधारमा जमीनको पुनर्वितरण मूल मुद्दा हो तर यसलाई मात्र हेरेर यो पूर्ण हुँदैन । यसको साथसाथमा भूमिविकास, भूउपयोग र कृषिसुधारका कुरा पनि जोडिएर आउँछ ।

नेपालमा भूमिसुधारको प्रश्न लामो समयदेखि उठाउँदै आएको तर हालसम्म पनि सही रूपमा सम्बोधन हुन नसकेको विषय हो । यो विषय अहिले पनि नेपालको अर्थराजनीतिक बहसको केन्द्रबिन्दुमा छ । यस ऐतिहासिक कालखण्डमा नेपाली समाजमा हाल चलिरहेको बहसमध्ये नेपालमा भूमि तथा कृषिसुधार कार्यक्रम लागू हुनुपर्छ भन्ने कुरामा सैद्धान्तिक रूपमा सबैको एक मत देखिन्छ । तर यसको बुझाइ, दृष्टिकोण तथा मोडालिटीमा एकरूपता देखिँदैन । जसको परिणामस्वरूप भूमि तथा कृषिसुधार कार्यक्रम लागू हुन सकेको छैन । यी दुवैलाई छोडेर नयाँ फड्को मार्न आवश्यक छ ।

दीर्घकालीन कृषि रणनीति असफलताका अनेक कारण छन् । रणनीतिमा वास्तविक किसानका अनुभवहरू समेटिएनन् । प्राविधिक रूपमा केही गोष्ठीमा सीमित किसान बोलाइए तर उनीहरू बोल्न पाएनन् । बोल्नेको कुरा विज्ञको अहमताले राम्ररी सुनेन । आफैं खेती नगर्ने विज्ञको बुझाइले मात्र ठाउँ पायो । अहिले पनि कृषि विकास रणनीति निर्माणमा ९ प्रतिशत निजी क्षेत्र, ८ प्रतिशत किसान संगठनका प्रतिनिधि र ८३ प्रतिशत सरकारी अधिकारी छन् भन्ने जानकारीमा आएको छ । खैत किसानहरू ? यो प्रक्रियामा फेरि उनीहरूलाई छुटाइँदै छ ।

अर्को पक्ष विगतमा भूमिको सवाललाई पूर्णतया आँखा चिम्लिइयो । अन्यायपूर्ण भूसम्बन्धलाई सल्टाउने विषय रणनीतिमा पार्न चाहिएन । कृषि विकासलाई फगत प्राविधिक विषय ठानियो । संरचनागत विषयलाई गौण मानियो । अहिले पनि भूमि र कृषिलाई बेग्लैबेग्लै रूपमा विश्लेषण गर्ने परिपाटी कायम नै छ । जुन सर्वथा गलत छ । भूमिसुधारलाई छाडेर थालिने कृषि विकास कहिल्यै सफल हुन सक्दैन । जुन पक्षलाई नेपालमा बेवास्ता गरिँदै आइयो र आज पनि त्यसैलाई निरन्तरता दिन खोजिँदै छ ।

कृषिमा आधारित नेपाली समाजमा कृषि क्षेत्रको विकास अवश्य चाहिन्छ । यो विषयलाई उपेक्षा गर्न हुन्न । तर भूमिको वर्तमान अन्यायपूर्ण अवस्थालाई जस्ताको तस्तै राखी गरिने कृषिसुधारले कृषिको मूल समस्यालाई दीर्घकालीन हिसाबले समाधान गर्न सम्भव नै छैन । आज पनि ७६.३ प्रतिशत परिवार कृषि पेसा गर्छन् । परिवारको औसत जमीन ०.७ हेक्टर छ । ०.५ हेक्टर भन्दा कम जग्गा हुने ५१.६ प्रतिशत छन् । २९ प्रतिशत ग्रामीण परिवारमा भूमिविहीनतामा बाँचिरहेका छन् । ५ प्रतिशतले ३७ प्रतिशत जमीन ओगटे पनि उनीहरू आफैं खेती गर्दैनन् । २०५३ सालबाट मोहीको अधिकार कटौती गरिएको छ । खेती गर्न सकिने जग्गाको चौथाइ खेती भएको छैन । खेती भइरहेको जग्गाको पनि २० प्रतिशत बाँझो छ ।[iii] यो परिवेशलाई सुल्झाएर खेती गर्नेले १२ महिना खान पुग्ने र कम्तीमा शिक्षा, स्वास्थ्य र अन्य सामाजिक कर्म गर्न खेतीबाटै पुग्ने अवस्था नपुऱ्याएसम्म कृषि क्षेत्रले फड्को मार्दैन । कृषिमा मानिसहरूको रुचि छैन भनेर मात्र हुँदैन । न्यूनतम आवश्यकता धान्न सक्ने अवस्था नबनेर नै सीमान्त किसानहरू बिरक्तिएका हुन् ।

नेपाली समाजमा मूलत तीन थरीका किसान देखिएका छन् । पहिलो काम किसानी गर्ने तर पहिचान भूमिहीन, हरुवा, हलिया, चरुवा, कृषिश्रमिक दिइएका, दोस्रो खेती नगर्ने तर जग्गा भएको आधारमा आफूलाई किसान ठान्ने र तेस्रो आफ्नो धेरथोर जमीन पनि भएको र आफैं खेती गर्ने किसान । यसो हुँदा खेती-किसानी गरिरहेकाले किसान भएर जीविका धान्न सक्ने बनाउने र खेती नगर्ने तर जग्गा राखिराख्ने प्रवृत्तिलाई अन्त्य नगरी कृषि क्षेत्रको विकास हुँदैन ।

हाम्रा केही विज्ञ व्यक्तित्वहरू, केही सतहबाट मात्रै अध्ययन गर्ने नीति-निर्माताहरूले भन्ने गर्छन्- ठूलो पैमानाको उत्पादनले मात्रै प्रति इकाइ ज्यादा उत्पादन गर्न सक्छन् । यिनीहरूले ठोस स्थितिको ठोस विश्लेषण गर्दैनन् र गरिरहन जरुरी पनि ठान्दैनन् । यस्ता व्यक्ति प्रायः ठूला जमीनदार परिवारका सदस्य हुने गर्छन् र भूमिको प्रचुरताको मात्रै अनुभव उनीहरूसँग छ । भूमिहीन गरिब किसान जसको अन्य पेसा अँगाल्ने सीप र शिक्षा पनि छैन, उत्पादनको साधन जमीन पनि छैन, त्यस्ता जनताको बारेमा यिनलाई कुनै मतलब र जानकारी पनि छैन ।

उत्पादन सकारात्मक ढङ्गले बढ्नका लागि सर्वप्रथम उत्पादक शक्ति प्रोत्साहित हुनुपर्छ । उत्पादनका साधन परापूर्वकालदेखि थिए । उत्पादनका साधनको प्रचुरता मानव उत्पत्तिभन्दा पहिले पनि थिए तर जबसम्म मानवले उपलब्ध साधनको सही उपयोग गर्न सिक्यो तब मात्र उत्पादनको, वितरणको, विनिमयको र त्यसको उपभोगको बारेमा नयाँ-नयाँ जटिलताहरू देखा पर्न थाले । धर्तीमा उपलब्ध साधनलाई मानव उपयोगी बनाउने उत्पादक शक्ति खासगरी किसान प्रोत्साहित र उत्साहित भएपछि नै उत्पादन बढ्दै जान्छ । तराईमा तीन विघा जमीन हुने दुःख पाएर बसेका पनि छन् । पहाडमा तीन रोपनी जमीन हुनेले घना खेतीबाट एक परिवार राम्रैसँग पालेका पनि छन् । समग्रमा भन्नुपर्दा उत्पादक शक्ति प्रोत्साहित छ, उत्साहित छ, सुसंस्कृत र सभ्य छ, सामूहिक वा सहकारी ढङ्गले उत्पादन कार्यमा जुटेको छ भने सबैभन्दा कम लागतमा धेरै उत्पादन यसमै हुन्छ अन्यथा उल्टो परिणाम पनि भेट्न सकिन्छ । संसारमा उत्पादक शक्ति सामूहिक रूपमा उत्पादन गर्छ । एउटा ठालू व्यक्ति व्यक्तिगत रूपमा उपभोग गर्छ भने त्यस्तो उत्पादन प्रणाली भएको ठाउँमा प्रतिइकाइ उत्पादन ज्यादा हुनै सक्दैन ।

सामन्ती भूस्वामित्वको अन्त्य गरेर भूमिहीन गरिब किसानले जमीन प्राप्त गरेपछि उनीहरूमा नयाँ उत्साह, जाँगर र साहस पैदा हुन्छ । उत्साह र चित्त प्रसन्नता भनेको आफैँमा सशक्त ऊर्जा हो । त्यो ऊर्जा र आशावादिताका साथ सिँचाइ, कृषि सडक, कृषि सहकारी, कृषि उद्योग, वैज्ञानिक र आयमूलक वन व्यवस्थापन व्यावसायिक रूपले जडीबुटी, फलफूल तरकारी, मसला खेतीको विकास, पशुका लागि आवश्यक आहारामा आधारित वन तथा नश्ल सुधारको कार्यक्रमलाई सन्तुलित ढङ्गले विकास गर्न जरुरी छ ।

कृषि तथा भूमि समस्या समाधान नहुनुको कारण पनि मूलतः भूमि समस्या समाधान नहुनु नै हो जबसम्म सामन्ती भूस्वामित्वको अन्त हुँदैन तबसम्म कृषि क्षेत्रको समग्र विकास वा दिगो विकास हुन सक्तैन । कृषि तथा भूमि समस्याको मूल बाधक सामन्ती उपरीढाँचा हो जसको उपस्थितिले सामन्ती भूस्वामित्वको अन्त्य र लोकतान्त्रिक ढङ्गबाट कृषि अर्थतन्त्रको विकासमा तगारोको काम गरिरहन्छ ।

_______........

---

[i] लिज एल्डेन वाइली, देवेन्द्र चापागाईं र शिव शर्मा, २००९, नेपालमा भूमिसुधार : शुरुवात र गन्तव्य ।

[ii] राष्ट्रिय कृषि गणना, २०५८, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल ।

[iii] वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग २०६७